आज मिति २०८३ असोज १५ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको १०८ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बर्स देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री दरिमान सार्की | का.वा.वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री लालसिं बुढा क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री रामबहादुर डाँगी | वडा अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री हरि बहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | वरिष्ट शाखा अधिकृत |
| श्री डिल कुमारी राना मगर | कार्यालय सहयोगी |

CamScanner

| क्र. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | विभिन्न योजनाहरुको म्याद थप सम्बन्धमा |
| २. | नेपाल विद्युत प्राधिकरणलाई रकम भुक्तानी सम्बन्धमा |
| ३. | रसुवा बाढी पिडितहरुको लागि आर्थिक सहयोग सम्बन्धमा |
| ४. | विविध सम्बन्धमा। |

**मिति २०८३।०६।१५ गतेको १०८ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरुः**

**प्रस्ताव नं. १ : विभिन्न योजनाहरुको म्याद थप सम्बन्धमा।**

**निर्णय नं. १ :** प्रशताव नं. १ माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको आ.व.२०८२/०८३ मा ठेक्का सम्झौता गरि संचालनमा रहेका तपसिलबमोजिमका योजनाहरुको सम्झौता अवधि सकिएको हुँदा समेत सम्झौतावमोजिमको निर्माण कार्य सम्पन्न नभएको र हाल शुरु सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न हुन नसक्नुको कारण र कार्ययोजना सहित सम्झौता म्याद थपको निवेदन पेश भई आएकोले तपसिल अनुसारका योजनाहरुको तपसिल अनुसार म्याद थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

तपसिल :

| क्र.सं. | योजनाको नाम र ठेक्का नं. | निर्माण ब्यवसायीको नाम | सम्झौता मिति | सम्झौता अवधि | म्याद थप अवधि | म्याद गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| १. | मित्रलाल भण्डारीको घर देखि छिन्चु खोला सम्म पक्कि नाली ग्रावेल सडक निर्माण, भेरिगंगा १२ (BGM/IDB/NCB/2082/083-16) | श्री भेनिस निर्माण सेवा, बिरेन्द्रनगर सुर्खेत | २०८२/०९/०२ | २०८३/०३/१५ | २०८३/०९/३० | |
| २. | वडा कार्यालय जाने बाटो देखि झिलमिले रिंग रोड कालोपत्रे तथा पक्कि नाली निर्माण (BGM/IDB/NCB/2082/083-07) | श्री न्यु प्रवेश कन्स्ट्रक्सन, बिरेन्द्रनगर सुर्खेत | २०८२/०८/१५ | २०८३/०३/१५ | २०८३/०९/३० | |
| ३. | आँपसोती घानखोरिया सडक स्तरोन्नति, भेरिगंगा ३ (BGM/IDB/NCB/2082/083-22) | श्री सावित्री शिव निर्माण सेवा, भेरिगंगा १२ सुर्खेत | २०८२/१०/२७ | २०८३/०३/१५ | २०८३/०९/३० | |
| ४. | डुमकोट दलित संग्रालय निर्माण, भेरिगंगा ८ (BGM/NCB/2077/078-17) | श्री नेपाल मेगा/लामा प्रगति/सुवास जे.भी., बिरेन्द्रनगर सुर्खेत | २०७८/०६/१० | २०८३/०३/३० | २०८३/०९/३० | |
| ५. | लामाखाली देखि तिजुमुल सडक पक्कि नाली निर्माण, भेरिगंगा ६ (BGM/IDB/NCB/2082/083-10) | श्री न्यु दीप गंगामाला निर्माण सेवा, सिम्ता २ सुर्खेत | २०८२/०८/२५ | २०८२/१२/३० | २०८३/०९/३० | |
| ६. | बबई हात्तीखाल गेरुवानी घुइयावारि सडक स्तरोन्नति | श्री जी.आर.यन कन्स्ट्रक्सन एण्ड सप्लायर्स, भेरिगंगा ५ | २०८२/०९/०६ | २०८३/०३/१५ | २०८३/०९/३० | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | त्रिवेणी र नवज्योति टोल अधुरा अपुरा सिचाई कुलो निर्माण, भेरिगंगा ७ | श्री न्यु पब्लिक कन्स्ट्रक्सन, भेरिगंगा ९ सुर्खेत | २०८२/०८/२५ | २०८३/०३/१५ | २०८३/०९/३० | |
| ८. | नाच्नेखोला पुलदेखि महतराको घर जोड्ने सडक र प्रभात प्रावि जोड्ने सडक स्तरोन्नती | श्री प्रणव निर्माण सेवा, गुर्भाकोट-९ सुर्खेत | २०८२/११/०४ | २०८३/०३/१५ | २०८३/०९/३० | |
| ९. | वडा कार्यालय भवन निर्माण, भेरिगंगा ३ (BGM/NCB/2081/082-38) | श्री कालाशिल्ला एण्ड मष्टा निर्माण सेवा | २०८२/३/१८ | २०८२/११/३० | २०८३/०९/३० | |
| १०. | वडा कार्यालय भवन निर्माण, भेरिगंगा ७ (BGM/NCB/2081/082-39) | श्री कालाशिल्ला एण्ड मष्टा निर्माण सेवा | २०८२/३/१८ | २०८२/११/३० | २०८३/०९/३० | |

**प्रस्ताव नं. २ : नेपाल विद्युत प्राधिकरणलाई रकम भुक्तानी सम्बन्धमा।**

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा भेरीगंगा नगरपालिका वडा नं १२ झिंगेनारामा सन्चालन गरिएको फोहोरमैला प्रशोधन केन्द्रमा बिद्धुत जडान गर्नका लागि नेपाल बिद्धुत प्राधिकरण सुर्खेत बितरण केन्द्रद्वारा गरिएको लागत अनुमान रकम रु.२८,७३,५२४।७३ (अक्षरुपि अठ्ठाइस लाख त्रिहत्तर हजार पाँच सय चौबिस पैसा त्रिहत्तर मात्र) नगरपालिकाको बिनियोजित फोहरमैला प्रशोधन केन्द्र शीर्षकको १ करोड मध्येबाट नेपाल विद्युत प्राधिकरणले नै काम गर्ने गरि उक्त रकम नेपाल विद्युत प्राधिकरण सुर्खेत बितरण केन्द्रलाई बैंक खाता मार्फत भुक्तानी दिने र बाँकी रकमबाट फोहोरमैला प्रशोधन केन्द्रलाइ आवश्यकता अनुसार संरचना निर्माण र मेसिन उपकरणहरु खरिद गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**प्रस्ताव नं. ३ : रसुवा बाढी पिडितहरुको लागि आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको कार्यालयले रसुवा बाढी पिडितका लागि सहयोग गर्ने बारे आगामी बैठकमा छलफल गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ४ : विविध सम्बन्धमा।**

**निर्णय नं. ४(क) :** प्रस्ताव नं. ४(क) माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिका अन्तर्गतका नगरस्तरीय स्वयमसेवक शिक्षकहरु, नगर बालविकास सहजकर्ताहरु र दृष्टिबिहिन आया पदमा कार्यरत कर्मचारीका लागि २०८३।४।१ देखि लागुहुने गरी खाइपाई आएको तलवमा मासिक रु. ५०००।- (अक्षरुपि पाँच हजार मात्र) बृद्धि गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. ४(ख) :** प्रस्ताव नं. ४ (ख) माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिका अन्तर्गत कृषि विकास शाखामा कृषि अधिकृत (अधिकृतस्तर छैठौं तह) पदमा कार्यरत श्री भीमकुमारी अधिकारीको (क.सं.नं. २२१८९९) कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को परिच्छेद ८ को दफा ६९ उपदफा ३ बमोजिम कृषि विज्ञान विषयमा स्नातक तहमा अध्ययनको लागि ग्राजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्टी रामघाट सुर्खेतमा ४ (चार) बर्षे तलवी अध्ययन बिदा मिति २०८३ मंसिर १ गतेदेखि लागु हुने गरि स्वीकृति गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

CamScanner

**निर्णय नं. ४(ग) :** प्रस्ताव नं. ४ (ग) माथि छलफल गर्दा यस नगरपालिकाका अनुसूची ३ अन्तर्गतका भुमिहिन दलित तथा भुमिहिन सुकुम्बासीको निस्सा बितरण गरिएको र ७ दिने दाबिबिरोधको सुचना समेत जारी गरिएको साथै सोको जानकारी जिल्ला समितिलाइ दिने र सो लगायत अनुसूचि २ र ४ का जग्गा नापजांच लगायतका कार्यहरु अगाडी बढाउने र आवश्यक सहयोग गरिदिन जिल्ला समितिलाइ अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. ४(घ) :** प्रस्ताव नं. ४ (घ) माथि छलफल गर्दा लिवर्ड संस्थाले मध्यवर्ती क्षेत्रमा सोलार लाइट जडानको लागि रु.१५००,०००।- (अक्षरुपि पन्ध्र लाख मात्र) लगानी गर्ने कार्यक्रम रहेको र सो योजनामा यस भेरीगंगा नगरपालिकाले लिवर्ड संस्थाले लगानी गर्ने रकमको ३० प्रतिशतले हुन आउने रकम रु. ४,५०,०००।- (अक्षरुपि चार लाख पचास हजार मात्र) नगरपालिकाको भैपरी खर्च (चालु पुंजीगत) शीर्षकको रु १५ लाख मध्येबाट लगानी गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. ४(ङ) :** प्रस्ताव नं. ४ (ङ) माथि छलफल गर्दा राष्ट्रिय कृषक समूह महासंघको रु.१,५०,०००।- (अक्षरुपि एक लाख पचास हजार मात्र) आर्थिक सहयोगमा भेरीगंगा ११ साँधिखोलामा सिंचाइ पोखरी निर्माण गर्न लागिएको र सो योजनामा नगरपालिकाले पनि सहलगानी गर्नुपर्ने भएकोले यस भेरीगंगा नगरपालिकाको भैपरी खर्च (चालु पुंजीगत) शीर्षकको रु १५ लाख मध्येबाट रु.१,५०,०००।- (अक्षरुपि एक लाख पचास हजार मात्र) लगानी गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. ४(च) :** प्रस्ताव नं. ४ (च) माथि छलफल गर्दा आव २०८२।०८३ मा लिस्प परियोजनाको सह लगानीमा सन्चालन गरी सम्पन्न गरिएका बिभिन्न योजनाहरुको रकम भुक्तानी बाँकी रहेकोले पछि लिस्प परियोजनाबाट सोधभर्ना लिने गरी यस नगरपालिकाबाट भुक्तानी दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

CamScanner